फोन नं. ०८१-५३०२३०
ईमेलः bankedfo123@gmail.com

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

नेपालगंज, नेपाल

## गोलिया काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

### प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/१४ गते बिहिबार

यस कार्यालयको कटान ईजाजत बमोजिम शसस्त्र प्रहरी बल ३० नं. गण कार्यालयको कम्पाउण्डमा रहेका जोखिमयुक्त रुखहरु कटानमुछान गरि उत्पादन भएको तपसिल बमोजिमको जात, थान र परिमाणको काठ/दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा सुचिकृत अध्यावधिक/नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/१४ गते बिहिबार प्रकाशित भएको मितिले २१ औं दिनभित्र यस कार्यालयबाट तोकिएको समयभित्र बोलपत्र खरिद गरी २२ औं दिनको ३:०० बजे सम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| लट नं. | सि.नं. | जात | ग्रेड | थान | परिमाण घ.फी. | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | वृ. सिसौ | B | ११ | १८.०२ | ५०० | ९,०१०.०० | | |
| | २ | जामुन | A | १ | १२.४४ | ४०० | ४,९७६.०० | | |
| | ३ | जामुन | B | ३ | २१.८६ | ३०० | ६,५५८.०० | | |
| | ४ | जामुन | C | २१ | ६२.२४ | १०० | ६,२२४.०० | | |
| | ५ | निम | | ४० | १३९.५९ | १०० | १३,९५९.०० | | |
| | ६ | मसला | | २२ | ७८.३५ | १२५ | ९,७९३.७५ | | |
| | ७ | आँप | | ८ | ३६.८२ | २०० | ७,३६४.०० | | |
| | ८ | अन्य | | ११ | २१.२९ | १०० | २,१२९.०० | | |
| | ९ | इपिल | | ५ | ८.३२ | १०० | ८३२.०० | | |
| गोलियाको जम्मा | | | | १२२ | ३९८.९४ | | ६०,८४५.७५ | ४७,३१४.२८ | |
| अन्य जातको दाउरा चट्टा | | | | | ४.५० | ४,०००.०० | १८,०००.०० | ४२,९७५.०० | |
| | | | | | | कुल जम्मा | ७८,८४५.७५ | ९०,२८९.२८ | |

**शर्त तथा नियमहरुः**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०५/०३ गते बुधबार ख) समयः मध्यान्ह ५:०० बजे सम्म

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०५/०४ गते बिहिबार ख) समयः मध्यान्ह ३:०० सम्म

३) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको (कोड नं. ३२९०१५७०१५) को राजश्व शिर्षक नं. १४२२९ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी यस कार्यालय बाट गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/१४ गते बिहिबार सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र खरिद गरी २२ औं दिनको मध्यान्ह ३ बजेसम्म यस कार्यालयबाट दर्ता गर्न सकिनेछ।

४) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँकेको प्रदेश धरौटी खाता नं. ४१३०१००२०२०३०००० (ख-२-३) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

४) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँकेको प्रदेश धरौटी खाता नं. ४१३०१००२०२०३०००० (ख-२-३) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

५) बैङ्क जमानत कागज धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १५ दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रमी आयकर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) कटान मुछान तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

१५) उपरोक्त बाहेक अन्य कुराको हकमा वन ऐन तथा नियमावली, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१६) अन्य जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१७) बोलपत्र दाखिला गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा सोही समयभित्र दाखिला गर्न सकिनेछ।

(छाप: लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालय, बाँके, नेपालगञ्ज, नेपाल)

शंकर प्रसाद गुप्ता
सिनियर डिभिजनल वन अधिकृत